आज मिति २०८१ साल पौष ०७ गते आइतवारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको नवौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम वहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री बसन्त सिं ठकुरी | सदस्य | का.वा.वडा अध्यक्ष ३ |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री सन्दिप पौडेल | | उपसचिव |
| | श्री टेकावती ढकाल | | अधिकृत आठौं |
| | श्री ऋषिभक्त वाग्ले | | बरिष्ठ प्रशासकीय अधिकृत |

श्री हरि पराजुली

प्रमाणित

आर्थिक वर्ष २०८१/०८२ को नवौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/०९/०७)

१. अठारौं नगर सभा सम्बन्धमा ।
२. योजना सम्झौता सम्बन्धमा ।
३. दोस्रो आवधिक योजना सम्बन्धमा ।
४. विविध ।

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा भिमाद नगरपालिका, तनहुँको अठारौं नगरसभा अधिवेसन मिति २०८१/०९/२६ गते शुक्रवारका दिन नगरपालिकाको सभाहलमा विहान ११.०० बजे शुरु हुने गरी आव्हान गर्ने र सवै वडा कार्यालय तथा विषयगत शाखाहरुले चालू आर्थिक वर्ष २०८१/०८२ मा संचालन गर्न नसकिने योजना तथा कार्यक्रमहरु रकमान्तर गर्नुपर्ने भएमा रकमान्तर गर्न र संशोधन गर्ने भए यथाशिघ्र पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा भिमाद नगरपालिकाको चालू आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजना अन्तरगत संचालन भै रहेका योजना तथा कार्यक्रमहरुको समिक्षा गर्दै स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम मिति २०८१ पौष २० गते सम्म कायम गरी सम्झौता हुन नसक्ने योजना तथा कार्यक्रमहरु संशोधन र रकमान्तर सहित अठारौं नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नगरपालिकाको दोश्रो आवधिक योजना निर्माणको प्रकृयामा रहेकाले आवधिक योजना तर्जुमाको समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न देहाय वमोजिम निर्देशन समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| नगर प्रमुख श्री दधिराज सुवेदी | -संयोजनक |
| नगर उप-प्रमुख श्री शारदा खनाल | -उप संयोजक |
| विषयगत समितिका संयोजकहरु | -सदस्य |
| कार्यपालिकाका सवै सदस्यहरु | -सदस्य |
| विषयगत शाखा प्रमुखहरु | -सदस्य |
| विषय विज्ञ श्री थमन सिंह थापा | -सदस्य |
| नारायण प्रसाद पौडेल | -सदस्य |
| ईन्दिरा खनाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री कमलप्रसाद पुन | -सदस्य सचिव |

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको मिति २०८१/०५/०५ गते वसेको तेस्रो नगर कार्यपालिकाको बैठकवाट भलिवल कोर्ट निर्माण गर्न रु.२१४५०/- विनियोजन गरिएकोमा थप विविध काम थपिएका कारण सो रकमवाट कार्य सम्पन्न हुन नसकेकाले सि.नं.१५१ नगरपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार शिर्षकवाट थप रु.३३०४०/- विनियोजन गरी जम्मा रु. ५४४९०/- भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.५

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकवाट देहाय अनुसार रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | रकम माग गर्नुपर्ने कारण | प्राविधिक लागत अनुमान/प्रस्तावता भए/नभएको | विनियोजित/भूक्तानी रकम | शिर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १ | घमान सिं थापा | भिमाद २ | सिंचाई गर्न | भएको | ८४३३/- | सि.नं.१४६ अन्य खानेपानी योजनाहरु पाइप खरिद तथा वितरण समेत |
| २ | किहुँ आधारभूत विद्यालय | भिमाद २ | खानेपानी व्यवस्थापन | भएको | ८७७५/- | |
| ३ | देवका सुवेदी | भिमाद २ | सिंचाई गर्न | भएको | २१७७०/- | |
| ४ | विजुली दमाई | भिमाद १ | आगालागी भएको | | २५०००/- | विपद व्यवस्थापन कोषवाट |
| ५ | पिरुङडाँडा कोटथर ऐतिहासिक पर्यटन क्षेत्रमा राष्ट्रिय झण्डा र होर्डिङ बोर्ड निर्माण | भिमाद ४ | पर्यटन प्रबर्द्धन गर्न | भएको | ४३०००/- | सि.नं.१५१ नगरकार्यपालिकाको निर्णयानुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एंव गत आ.वको भुक्तानी बाँकी योजनाहरु समेत |

निर्णय नं.६

प्रस्ताव नं.४ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारवाट मालेबगर देखि भिमाद ३ सुनाकोट सम्मको सडक खण्ड आकस्मिक मर्मत सम्भार योजनाका लागि प्रदेश विपद व्यवस्थापन कोष वाट रु. ६०,००,०००/- प्राप्त भएकोले यस कार्यालय र सम्बन्धित सडक खण्ड उपभोक्ता समिति विच सम्झौता गरेकोमा हाल सम्म उक्त उपभोक्ता समितिले रु.५०९११६२/-भुक्तानी लिई सकेको र बाँकी रकम रु.९०८८३८/- वाट सोहि मार्गमा थप निर्माण कार्य गर्न प्रक्रिय अगाडी वढाउन निर्णय गरियो ।

निर्णय नं.७

प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०८१/०/८/२१ को नगर कार्यपालिकाको आठौं वैठकले स्वीकृत गरेको प्रस्ता वमोजिम मिति २०८१/०८/२८ देखि २०८१/०८/३० गते सम्म संचालन गरिएको राष्ट्रपति रनिङ शिल्ड तथा आठ मेयर कप प्रतियोगिता २०८१ मा भएको खर्च रु. १४,१२,६०८/ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको विद्यालय सुपरिवेक्षण, अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि, २०८१ माथि छलफल गर्दा प्राप्त सुझावका आधारमा सुधार सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.९

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस कार्यालयका शाखा र विभिन्न वडा कार्यालयहरुवाट योजनाको नाम संशोधन तथा रकमान्तरका लागि सिफारिस भै आएकोले देहाय वमोजिमका योजनाहरुको आगामी नगरसभा अधिवेशनवाट अनुमोदन हुने गरी नाम संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | साविक योजनाको नाम | योजनास्थल | वजेट रु. | संशोधन भै कायम हुने योजनाको नाम |
|---|---|---|---|---|
| १ | रघु विश्वकर्मा मन्दिर निर्माण योजना सि.नं.९ | भिमाद -२ | २०००००/- | क्लव भवन देखि नमनथान सडक स्तरोन्नती |
| २ | क्लव भवन सडक ढलान तथा कौशिदी कृषि मोटर मार्ग स्तरोन्नती योजना सि.नं.२१ | भिमाद-२ | ३०००००/- | कौशिदी कृषि मोटर मार्ग स्तरोन्नती योजना |
| ३ | मदर्शा दारुल कुलुङ भवन निर्माण योजना सि.नं.९ | भिमाद १ | २०००००/- | मदर्शा दारुल उलुम भवन निर्माण योजना |
| ४ | वसपार्कवाट झरेको नालाको पानी व्यवस्थापन तथा वसपार्क संरक्षण योजना सि.नं.७ | भिमाद ६ | २०००००/- | शान्तिनगर मुनी तारजाली भर्ने योजना |
| ५ | कोटथर कोटघर मन्दिर निर्माण योजना सि.नं.३ | भिमाद ३ | ५०००००/- | कोटथर कोटघर अधुरो मन्दिर निर्माण योजना |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका योजनाहरुका लागि निर्माण सामाग्री खरिद सि.नं.१०० | | २०००००/- | हिमालय मा.वि.जाने सिढि निर्माण योजना (प्र.म) |

निर्णय नं.१०

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिका भित्रका बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने तथा बाल संरक्षण कार्य समेत गर्नको लागि बालबालिका सम्बन्धी ऐनको दफा ६१ बमोजिम बाल कल्याण अधिकारीको प्रशासकीय अधिकृत सुर्य प्रसाद पौडेललाई मिति २०८१/०९/०३ गते देखि लागु हुने गरी जिम्मेवारी प्रदान गरिएको निर्णय अनुमोदन गरियो ।

निर्णय नं.११

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको मध्यकालिन खर्च संरचना निर्माणका लागि नगर विकास सोजनाको सि.नं.२३ सेवा र परामर्श खर्च शिर्षकमा विनियोजित रकम रु.१०,००,०००/-वाट रु.३,००,०००/-विनियोजन गरी आगामी नगर सभामा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

प्रस्ताव नं.४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको नगर विकास योजनाको सि.नं.१२६ नगरपालिका र मातहतका कार्यालयका लागि मेशिनरी तथा औजार खरिदमा रकम रु २०,००,०००/- विनियोजन गरिएकोमा माग अनुसार कम्प्यूटर तथा ल्यापटप खरिदका लागि रकम अपुग हुने हुँदा नगर विकास योजनाको सि.नं.१२९ कम्प्यूटर सफ्टवेयर निर्माण तथा खरिद खर्चमा विनियोजन भएको रकम रु.५,००,०००/-लाई सि.नं.१२६ को नगरपालिका र मातहतका कार्यालयका लागि मेशिनरी तथा औजार खरिद शिर्षकमा रकमान्तर गरि आगामी नगरसभामा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस नगरपालिकाको अठारौं नगरसभा अधिवेसनमा देहाय बमोजिमका नयाँ र संशोधन विधेयक नगर सभामा पेस गर्नको लागि सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | विधेयकको नाम | कैफियत |
|---|---|---|
| १. | सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वनेको विधेयक,२०८१ | संशोधन विधेयक |
| २. | संस्था दर्ता सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) विधेयक,२०८१ | संशोधन विधेयक |
| ३. | स्थानीय वजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०८१ | नयाँ |